# मधेशी आयोग
ज्वागल, ललितपुर

प.सं.: ०८२-०८३

च.नं.

फोन नं. ०१-५२६९१८५
टोल फ्रि नं. १६६००११६१८५


मितिः २०८२/०४/०६

# प्रेस विज्ञप्ति

**विषयः मधेश प्रदेशमा खडेरी र खानेपानीको हाहाकार सम्बन्धमा।**

लामो समयदेखिको खडेरी र समयमा वर्षा नहुँदा मधेश प्रदेशमा खानेपानीको चरम अभाव र कृषि क्षेत्रमा गम्भीर संकट उत्पन्न भएकोप्रति मधेशी आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। मधेश प्रदेशलाई **'अन्नको भण्डार'** मानिए पनि हाल मध्य बर्षामा समेत ५० प्रतिशतभन्दा कम मात्रै रोपाइँ हुनुले खाद्य संकटको जोखिम बढेको छ। सिँचाइको अभावमा खेतमा लगाइएको धानको बीउ सुक्न थालेको छ भने अर्कोतर्फ खानेपानीका मुहान र चापाकल सुक्दा नागरिकको दैनिकी कष्टकर बनेको छ ।

मधेश प्रदेशका अधिकांश जिल्लाहरूमा भूमिगत जलस्रोतको सतह निरन्तर घटिरहेको, चुरे क्षेत्रको अनियन्त्रित दोहन र जलवायु परिवर्तनको प्रत्यक्ष असरले यो संकटलाई थप भयावह बनाएको विभिन्न अध्ययनहरुले देखाएका छन्। प्रदेशका कयौं स्थानमा स्थानीय तह र प्रदेश सरकारको समन्वयमा दमकल र ट्यांकरमार्फत खानेपानी वितरण गर्ने प्रयास भए पनि त्यो पर्याप्त छैन।

मधेश प्रदेश सरकारले प्रदेशलाई **'सुक्खा ग्रस्त क्षेत्र'** घोषणा गर्नु र संघीय सरकारमा पनि यस विषयमा छलफल हुनु सकारात्मक कदम भए तापनि संकटको गम्भीरतालाई सम्बोधन गर्न तीनै तहका सरकारबीच अझ समन्वय बढाउन आवश्यक देखिएको छ। खानेपानी जस्तो आधारभूत आवश्यकताबाट मधेश प्रदेशका बासिन्दाहरु वञ्चित हुनु मानव अधिकारको समेत गम्भीर उल्लंघन हो।

तसर्थ, मधेशमा देखिएको यो विकराल अवस्थालाई सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारहरूको ध्यानाकर्षण गराउँदै खानेपानीको चरम अभाव भएका क्षेत्रहरूमा तत्काल ट्यांकर र अन्य माध्यमबाट स्वच्छ खानेपानी वितरणको व्यवस्थालाई थप प्रभावकारी र व्यापक बनाइयोस्। साथै खडेरीका कारण बालीनालीमा क्षति ब्यहोरेका किसानहरूलाई तत्काल राहत प्याकेजको घोषणा गरी उचित क्षतिपूर्तिको व्यवस्था गरियोस्। सिँचाइका लागि वैकल्पिक व्यवस्थाहरू जस्तैः डिप बोरिङ जडानमा तत्काल अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइयोस्। त्यसैगरी खडेरी र गर्मीका कारण उत्पन्न हुन सक्ने स्वास्थ्य समस्याहरू जस्तैः झाडापखाला, हैजा को रोकथाम र उपचारका लागि स्वास्थ्य संस्थाहरूमा तत्काल आवश्यक व्यवस्था गरियोस् ।

यस संकटको घडीमा सबै पक्षलाई संवेदनशील भई मधेश प्रदेशका बासिन्दाहरुको पीडालाई सम्बोधन गर्न र उनीहरूको जीवनयापन सहज बनाउनका लागि आ-आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्न आयोग हार्दिक अपिल गर्दछ।

(नरेश राज खरेल)
सचिव